आदिवासी जनजाति आयोग

ललितपुर

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम २०७७ साल माघ देखि चैत्र महिनासम्म सम्पादित कार्यहरुको विवरणः

(क) निकायको स्वरुप र प्रकृतिः

नेपालको संविधानको धारा २६१ मा आदिवासी जनजाति आयोगको ब्यवस्था रहेको छ। यस आयोगमा अध्यक्ष र चार जनासम्म सदस्य रहने, राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने, अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने, आयोगका अध्यक्ष तथा सदस्यको योग्यता, पद रिक्त हुने अवस्था, पारिश्रमिक र सेवाका शर्तहरु र आयोगको काम कर्तव्य र अधिकार सम्वन्धि अन्य ब्यवस्था संघीय कानून बमोजिम हुने व्यवस्था नेपालको संविधानमा उल्लेख गरिएको छ ।

आदिवासी जनजाति आयोग ऐन, २०७४ को प्रस्तावनामा आदिवासी जनजाति समुदायको गौरवमय इतिहाँस र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्द्धन तथा आदिवासी जनजाति समुदायको सशक्तिकरण गर्नको लागि आदिवासी जनजाति आयोगको सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएको ब्यहोरा उल्लेख छ।

(ख) निकायको काम, कर्तब्य र अधिकारः

१ आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

२ आदिवासी जनजाति समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

३ आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

४ आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,



Scanned with CamScanner

५ आदिवासी जनजाति समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,

६ आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

७ आदिवासी जनजाति समुदाय भित्र आर्थिक वा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तिकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

८ आदिवासी जनजाति समुदाय भित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

९ आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागि चेतना मुलक कार्यक्रम सञ्चालन गर्ने,

१० आदिवासी जनजाति समुदायमा विधमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र आदिवासी जनजाति समुदायको सशक्तिकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

११ आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायीक प्रयोगमा ल्याउन सहयोग गर्ने,

१२ आदिवासी जनजाति समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनका लागि आवश्यक सिफारिस गर्न सुझाव दिने,

१३ आदिवासी जनजाति समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

१४ आदिवासी जनजाति समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सुचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

१५ आदिवासी जनजाति समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण र सम्बर्द्धनका लागि जिवित सङ्ग्रहालय स्थापना र परिचालनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

१६ आदिवासी जनजातिको उद्गम स्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र सम्बर्द्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

१७ आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तिकरणको लागि नेपाल सरकार र अन्य संघ, संस्थाहरूले सञ्चालन गर्ने चेतनामुलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,



Scanned with CamScanner

१८ आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,

१९ आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने

(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

(१) यस आयोगको स्वीकृत दरवन्दी तेरिज निम्न बमोजिम रहेको छः (मौजुदा)

| सि.न. | पदको नाम | श्रेणी तह | सेवा | समूह | स्वीकृत दरवन्दी |
|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | १ |
| २ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ |
| ४ | नायव सुब्बा | रा.प.अन. प्रथम | प्रशासन | सामान्य प्रशासन | २ |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | १ |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अन.प्रथम | विविध | | १ |
| ७ | हलुका सवारी चालक | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | २ |
| ८ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | ३ |
| जम्मा | | | | | १३ |

**नोटः नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७७।०८।३० गतेको निर्णय अनुसार संसोधीत दरवन्दी तेरीज**

*१. आयोगका पदाधिकारी/ सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने निजी सहायकहरु (रा.प.अन. प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यहरुलाई १ (एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।*

*२. आयोगका पदाधिकारी/ सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणी विहिन) प्रत्येक पदाधिकारी/सदस्यहरुलाई १ (एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।*


*३. आयोगका पदाधिकारी/ सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने कार्यालयय सहयोगी (श्रेणी विहिन) दुइ जना सदस्यहरुलाई १ (एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।*

*४. स्वीपर १ जना सेवा करारमा नियुक्ति गरिएको ।*



Scanned with CamScanner

## (२) <u>आदिवासी जनजाति आयोगको संगठन संरचना</u>




**नोटः नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७७।०८।३० गतेको निर्णय अनुसार संसोधीत संगठन संरचना**

*१. आयोगका पदाधिकारी/ सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने निजी सहायकहरु (रा.प.अन. प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यहरुलाई १ (एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।*

*२. आयोगका पदाधिकारी/ सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणी विहिन) प्रत्येक पदाधिकारी/सदस्यहरुलाई १ (एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।*

*३. आयोगका पदाधिकारी/ सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने कार्यालयय सहयोगी (श्रेणी विहिन) दुइ जना सदस्यहरुलाई १ (एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।*

४. *स्वीपर १ जना सेवा करारमा नियुक्ति गरिएको ।*

(३) आयोगको स्वीकृत संगठन संरचना अनुसार आयोगका अध्यक्ष र सदस्यको मातहतमा सचिव र सचिवको मातहतमा अन्य कर्मचारी रहने ब्यवस्था छ। आदिवासी जनजाति आयोग ऐन, २०७४ बमोजिम आयोगवाट भएका निर्णय कार्यान्वयन तथा प्रचलित कानुन बमोजिमका ब्यवस्थापकीय कार्यहरु सम्पादन गर्नको लागि प्रशासन तथा योजना शाखा र अधिकार प्रवर्द्धन तथा सशक्तिकरण गरी २ वटा शाखा र इकाईको ब्यवस्था रहेको छ। स्वीकृत दरवन्दी अनुसारका प्रत्येक कर्मचारीहरुलाई निजले सम्पादन गर्नु पर्ने कामहरुको विवरण उपलब्ध गराइएको छ।



Scanned with CamScanner

**(घ) निकायवाट प्रदान गरिने सेवाः**

आदिवासी जनजाति आयोगलाई मुख्य गरी आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा आदिवासी जनजाति समुदायको सशक्तिकरणको लागि गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने जिम्मेवारी आदिवासी जनजाति आयोग ऐन, २०७४ ले प्रदान गरेको छ। त्यस बाहेक आदिवासी जनजाति आयोगले आदिवासी जनजाति समुदायमा प्रत्यक्ष रुपमा सेवा प्रदान गर्न सक्ने ऐनमा उल्लेख भएका विषयहरु निम्नानुसार रहेका छनः

- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागि चेतना मुलक कार्यक्रम संचालन गर्ने
- आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने,
- आदिवासी जनजाति समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तिकरणको लागि नेपाल सरकार र अन्य संघ संस्थाहरुले सञ्चालन गर्ने चेतनामुलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,
- आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

**(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

आयोगवाट प्रदान गरिने सेवा प्रशासन तथा योजना शाखा र अधिकार प्रवर्द्धन तथा सशक्तिकरण इकाईमा कार्यरत कर्मचारी मार्फत प्रवाह हुन्छ। ती दुवै शाखा र इकाईमा कार्यरत कर्मचारीहरु आफूलाई तोकिएको कार्य विवरण अनुसारको सेवा प्रवाह गर्न जिम्मेवार हुन्छन्।

**(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधीः**

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा २७ मा यो ऐन कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्ने र सोही ऐनको दफा २८ मा आयोगले सम्पादन गर्नु पर्ने कामहरु सुचारु रुपले सञ्चालन गर्न वा गरांउनको लागि ऐन तथा नियमको अधिनमा रही आवश्यक निर्देशिका बनाउन सक्ने उल्लेख छ। आयोगको पूर्णता प्राप्त भए पश्चात नियम तथा निर्देशिका बने पछि सोही बमोजिम सेवा प्रवाह हुनेछ।

**(छ) निर्णय गर्ने प्रकृया र अधिकारीः**

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा १३ अनुसार आयोगले यस ऐन बमोजिम गर्नु पर्ने काम आयोगको बैठकको निर्णय बमोजिम हुनेछ। सो बाहेकका प्रशासनिक/व्यवस्थापकीय निर्णय सामान्यतया सचिवस्तरवाट सदर हुनेछ ।

(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारीः

आयोगको सचिव भन्दा मुनिका कर्मचारीले गरेको निर्णय उपरको उजुरी सचिव समक्ष र सचिवस्तरको निर्णयको उजुरी आयोगको अध्यक्ष समक्ष गर्न सकिन्छ ।

(झ) सम्पादन गरेका कामको विवरणः

नेपालको संविधान, आदिवासी जनजाति आयोग ऐन, २०७४ अनुरुप यस आयोगमा मिति २०७७।१०।२१ गते पदाधिकारीहरुको नियुक्ति भए पश्चात दैनिक प्रशासनका अतिरिक्त निम्न कार्यहरु/कार्यक्रमहरु सम्पादन भएका छन्

१. २०७७।१०।२५ गते ललितपुरको धोबिघाटमा सर्वप्रथम आदिवासी जनजाति आयोग र आदिवासी जनजाति समुदायका छाता संगठनका प्रमुख/ प्रतिनिधिहरु एवं सरोकारवाला संस्था/व्यक्ति बिच परिचयात्मक एक दिवसीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।

२. २०७७।११।२२ गते ललितपुरको कुपण्डोलमा आयोगको मौजुदा दरवन्दी तथा भावि नीति तथा कार्यक्रम बारे विषय विज्ञ सहित सरोकार वाला संगठनका प्रमुख/प्रतिनिधि बिच छलफल अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।

३. २०७७।१२।१८ गते १ नं. प्रदेशको धरानमा आदिवासी जनजाति समुदायको हक, हित संरक्षण तथा आयोगको कार्यक्षेत्र बारे अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पदः

- सचिव श्री राजेन्द्र प्रसाद घिमिरे मो. नं. ९८५१०९८३३८।
- सुचना अधिकारी शाखा अधिकृत श्री चन्द्रा थापा मो.नं.९८५११८०६४७।

(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

यस आयोगको कामसंग सम्बन्धित ऐन नियम, विनियम वा निर्देशिकाको सूची निम्न अनुसार रहेको छः

- नेपालको संविधान
- आदिवासी जनजाति आयोग ऐन, २०७४
- निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि नियमावली, २०५५
- सूचनाको हक सम्वन्धी ऐन, २०६४ तथा नियमावली, २०६५
- संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०५३
- सुशासन तथा (ब्यवस्थापन तथा संचालन) ऐन, २०६४ तथा नियमावली, २०६५
- भ्रमण खर्च नियमावली, २०६४



Scanned with CamScanner

आयोगमा पदाधिकारीहरु नियुक्त हुन नसकेको कारण आदिवासी जनजाति आयोग ऐन, २०७४ मा उल्लेख भए बमोजिम वार्षिक योजना तथा कार्यक्रम तर्जुमा भई स्वीकृत हुन नसकेकोले कुनै पनि कार्यक्रमहरु कार्यान्वयन नभएको ।

**(थ) सार्वजानिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधीः**

आयोगले वर्गिकरण गरेको छैन।

**(द) सार्वजानिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएका विषयः**

सूचना माग सम्वन्धि लिखित निवेदन परेको छैन। मौखिक रुपमा आयोगले गर्ने काम, आयोगका पदाधिकारी नियुक्त हुने तरिका, कर्मचारी दरवन्दी र पदपूर्ति लगायत आयोगले गरिरहेका दैनिक कार्यहरु आदि विषयमा जिज्ञासा राख्न आउनु हुनेहरुलाई सो सम्वन्धी जानकारी गराइदै आएको छ ।

**(ध) सार्वजानिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरणः**

सरोकारवालालाई जानकारी दिन आवश्यक सूचनाहरु आयोगको वेभसाइट www.inc.gov.np मा राख्ने गरिएको छ । आ.व. २०७६/०७७ को वार्षिक प्रगति प्रतिवेदन छपाई भई सम्वन्धित निकायहरुमा पठाइएको ।

(ठ) आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरणः

यस आयोगको आ.व.२०७७।०७८ को लागि स्वीकृत वजेट र चैत्र मसान्त सम्मको निकासा र खर्च निम्नानुसार रहेको छः

| सि.न | वजेट शीर्षक नं. | स्वीकृत वार्षिक वजेट रकम रु. | निकासा भएको रकम रु. | खर्च भएको रकम रु. | बाँकी रहेको रकम रु. |
|---|---|---|---|---|---|
| १ | २२८८०००११३ चालु | २,२१,००,०००।- | ९९२२०३५।०९ | ९९२२०३५।०९ | १२१७७९६४।९१ |
| २ | २२८०००११४ पूजिगत | २४,००,०००।- | ० | ००० | २४०००००/- |
| ३ | २२८००००१३ चालु | ७०,००,०००।- | ९४०७१३।५० | ९४०७१३।५० | ६०५९२८६।५० |
| जम्मा | | ३,१५,००,०००।- | १०८६२७४८।५९ | १०८६२७४८।५९ | २०६३७२५१।४९ |

(ड) अघिल्लो आर्थिक वर्षमा सार्वजानिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरणः

१. आदिवासी जनजाती आयोग ऐन २०७४ को दफा १३ बमोजिम आयोगले यस ऐन बमोजिम गर्नुपर्ने काम आयोगको बैठकको निर्णय बमोजिम हुने उल्लेख भएको र अघिल्लो आ.व ०७६।०७७ मा आयोगमा अध्यक्ष लगायत सदस्यज्यूहरुको नियुक्ती भई नसकेकोले दैनिक प्रशासनिक कार्य वाहेक कुनै कार्यक्रम संचालन गर्न नसकिएको ।

२. कार्य प्रगती प्रतिवेदन आ.व ०७६।०७७ वनाइएको

(ढ) सार्वजनिक निकायको वेभसाइट भए सोको विवरणः

यस आयोगको वेभसाइट www.inc.gov.np रहेको छ।

(ण) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरणः

नभएको

(त) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनः



Scanned with CamScanner